आज मिति २०७५ साल मंसिर महिनाको ५ गते बुधबारका दिन दिनको ठिक १.०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्ग ज्यू को अध्यक्षतामा बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

तपशिल :

श्री किसान गुरुङ्ग , नगर प्रमुख , सदस्य (नगर कार्यपालिका )
श्री सबिता रसाईली , नगर उपप्रमुख ,सदस्य (नगर कार्यपालिका)
श्री रवि चन्द्र पौडेल, सदस्य (नगर कार्यपालिका)
श्री जगत बहादुर गुरुङ्ग ,सदस्य (नगर कार्यपालिका)
श्री राम कुमार श्रेष्ठ ,सदस्य (नगर कार्यपालिका)/बिल बहादुर गुरुङ (का.वा. अध्यक्ष) ८ नं वडा
श्री शिव कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)
श्री दिर्घ बहादुर थापा, सदस्य (नगर कार्यपालिका)
श्री कृष्ण बहादुर पौडेल, सदस्य (नगर कार्यपालिका)
श्री राम बहादुर क्षेत्री थापा, सदस्य (नगर कार्यपालिका)
श्री कृष्ण प्रसाद रेग्मी, सदस्य (नगर कार्यपालिका)
श्री लोक नारायण श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)
श्री रामचन्द्र भण्डारी, सदस्य (नगर कार्यपालिका)
श्री दल बहादुर थापा, सदस्य (नगर कार्यपालिका)
श्री मनराज गुरुङ्ग, सदस्य (नगर कार्यपालिका)
श्री दानु अधिकारी सापकोटा, सदस्य (नगर कार्यपालिका)
श्री गिता महत, सदस्य (नगर कार्यपालिका)
श्री विष्णुमाया ढकाल लम्साल, सदस्य (नगर कार्यपालिका)
श्री रिता कुमारी भुजेल थापा, सदस्य (नगर कार्यपालिका)
श्री सानुमाया महत, सदस्य (नगर कार्यपालिका)
श्री कुल बहादुर भुजेल, सदस्य (नगर कार्यपालिका)
श्री खिम बहादुर कुमाल, सदस्य (नगर कार्यपालिका)
श्री भरत लामगादे, सदस्य (नगर कार्यपालिका)
श्री मोहन प्रसाद मरासिनी ,प्र.प्र.अधिकृत एवम सचिव ( नगर कार्यपालिका )

अन्य उपस्थिति :
श्री हिमा पोखेल, प्रशासकीय अधिकृत ( सामान्य प्रशासन शाखा )

Scanned by CamScanner

निर्णय नं. १ : चालु आर्थिक वर्ष २०७५/०७६ का लागि सडकबोर्ड नेपालबाट प्राप्त हुने अनुदान र नगरपालिकाको आन्तरिक श्रोतबाट समायोजन हुने रकम समेत गरी सडक मर्मत, सुधार र सम्भार गर्न देहायका योजना छनौट गर्ने ।

तपशिल :

| क्र.सं. | ठेगाना | विनियोजित बजेट |
|---|---|---|
| १. | दशगाहा कालिकोट हुदै हरिनाश गा.पा जोड्ने बाटो | रु. १५०००००।- |
| २. | मदन आश्रीत मोटरमार्ग | रु. १००००००।- |
| ३. | कुम्ल`खोला,अर्चलथुम हुदै म्याग्दे जोड्ने बाटो | रु. १००००००।- |
| ४. | तिनखोले देवीजाने बाटो ज्याम्दी देखि व्यागन सम्म | रु. १००००००।- |
| ५. | कालिमर्याङ्ग देखि व्यागन - | रु. ५०००००।० |
| ६. | सेरावेशी सुन्दरीगाउँ जोड्ने बाटो | रु. ७०००००।- |

निर्णय नं. २ : जिल्ला समन्वय समिति तनहुँले स्वीकृत गरेको चालु आर्थिक वर्ष २०७५/०७६ को जिल्ला दररेटमा कतिपय विषय शिर्षकहरुको दररेट निर्धारण हुन छुट भएको देखिएकोले त्यस्ता छुट भएका विषय शिर्षकहरुको सन्दर्भमा कास्की जिल्ला समन्वय समितिबाट स्वीकृत दररेटलाई आधार मानी लागत अनुमान तयार पार्ने नगरपालिका कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ३ : चालु आर्थिक वर्ष २०७५/०७६ का लागि नगर सभाबाट स्वीकृत बजेट तथा कार्यक्रम मध्ये सामाजिक विकास तर्फका (शिक्षा,खानेपानी,स्वास्थ्य) शिर्षकहरुमा विनियोजित बजेटलाई सम्बन्धित शाखाका प्रमुखसग प्रस्ताव सहितको कार्य योजना माग गर्ने र सो प्रस्तावलाई आगामी बैठकमा पेश गर्ने ।

निर्णय नं. ४ : चालु आर्थिक वर्ष २०७५/०७६ का स्वीकृत वडागत योजनाहरुको नाम परिवर्तन तथा रकमान्तर गर्न आवश्यक भनी वडा समितिको निर्णय सहितको सिफारिस आएमा आवश्यक प्रकृया पुरा गरी नगर प्रमुखले सदर गर्न अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय नं. ५ : चालु आर्थिक वर्ष २०७५/०७६ का लागि नगर सभाबाट स्वीकृत नगर विकास पुस्तीकामा उल्लेखित नगर स्तरिय योजनाको सम्झौता नगरपालिकाबाट र वडा स्तरीय योजनाको सम्झौता गर्न वडालाई नै अधिकार प्रत्यायोजन गर्ने ।

Scanned by CamScanner

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय नं. ६ : शुक्लागण्डकी नगरपालिका वडा नं. ५ मा रहेको फोहोर मैला संकलन तथा व्यवस्थापन केन्द्र सम्म पुग्ने पहुँचमार्ग निर्माणका लागि चालु आर्थिक वर्ष २०७५/०७६ मा रु. ३० लाख विनियोजन भएकोमा प्राविधिकको प्रारम्भिक लागत अनुमान बमोजिम सो रकम नपुग हुने देखिएको र सो केन्द्रको संरक्षणका लागि सेतिनदिमा तटबन्धन समेत निर्माण गर्नुपर्ने आवश्यक भएकोले पहुचमार्ग निर्माण र तटबन्ध समेतका लागि प्राविधिक बाट विस्तृत लागत अनुमान तयार पार्न लगाई ईष्टिमेट अनुसारको रकम आन्तरिक कोषबाट विनियोजन गर्ने गरी नियम अनुसार तुरुन्त बोलपत्र आब्हान गर्ने ।

निर्णय नं. ७ : देहायका योजनाहरुको लागत अनुमान तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न योजना तथा प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो ।
क. गाछेपानी देखि सेतिनदिको पक्की पुल जोड्ने मोटरबाटो,
ख. ठेसम खोलाको कल्भर्ट र ढोरबाराह खोलाको कचवे,
ग. चमेलीपार्क देखि महतपार्क सम्मको बाटो मर्मत ,

निर्णय नं. ८ : नगरपालिकाबाट निर्माण गरिने भौतिक पूर्वाधारहरुको गुणस्तरीयतालाई मध्यनजर गरी रु. १० लाख र सो भन्दा माथिका योजनाहरुको अनिवार्य रुपमा ल्यावटेस्ट गराउने र सोको लागि ल्यावटेष्टको प्रावधान लागत अनुमान मै समावेश गराउने ।

निर्णय नं. ९: साबिक ढोरफिर्दी गा.वि.स हाल शु.न.पा ८ मा कि.नं. ३(ज) ,३ (ट), ३(ठ) र ३(ड), १२४१ रोपनी जमिन नेपाल सरकार गृह मन्त्रालय अर्न्तगत जिल्ला प्रशासन कार्यालय तनहुँको नाउँमा रहेको , उक्त जमिनमा तिब्बतीयन शरणार्थी बसोबास रहेको , शरणार्थीको रुपमा बसोबास गर्ने तिब्बतियनहरुले प्रयोग गर्दै आएको शु.न.पा ४ मा रहेको कि.नं. १०६ को ३.१५.१.० रोपनी जमिन शरणार्थीहरुको व्यवस्थापनका लागि नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत जिल्ला प्रशासन कार्यालय तनहुँको नाउमा नरहेकोले उक्त जमिन नगरपालिकाको भएको र नगरपालिकाले आवश्यकता अनुसार जमिन प्रयोग गर्नका लागि आवश्यक प्रक्रिया अगाडी बढाउँन जिल्ला प्रशासन कार्यालय तनहुँमा अनुरोधका साथै समन्वय गर्ने ।

निर्णय नं. १० : शुक्लागण्डकी नगरपालिका कार्यालयका लागि थप सवारी साधन (मोटर साइकल) खरिद गर्न आवश्यक देखिएकोले जिन्सी शाखा र लेखा शाखाले हालै खरिद गरेको १ थान मोटरसाइकल, १ थान स्कुटर सहित थप ६ वटा मोटर साइकल र २ वटा स्कुटर खरिद गर्ने र यसरी खरिद गरिएको रकमको व्ययभार गत बर्षको कन्टेन्जेन्सी रकम र चालु वर्षको कन्टेन्जेन्सीबाट व्यहोर्ने ।

Scanned by CamScanner

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय नं. ११ : नगरपालिका कार्यालय अन्तर्गत कृषि र पशुको सेवालाई थप व्यवस्थित, प्रभावकारी र कृषक मैत्री बनाउन कृषि शाखा ढोरफिर्दीमा रहेको सेवा केन्द्र र पशु सेवा बेलचौचारा सेवा केन्द्रबाट संचाल गर्ने गरी आवश्यक प्रवन्ध मिलाउन कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. १२ : शुक्लागण्डकी नगरपालिका भित्र निर्माण हुने घरहरुलाई भुकम्प प्रतिरोधी तवरबाट निर्माण गर्न भुकम्प प्रविधि राष्टिय समाजसंग सहकार्य गरी नगरपालिकाका ३ वटा वडाका ३५ जनालाई ७ दिनको डकर्मी तालिम संचालनका लागि आन्तरिक श्रोतबाट रु १०००००।- विनियोजन गर्ने ।

निर्णय नं. १३ : चालु आर्थिक वर्षको स्वीकृत योजना अर्न्तगत मनमोहन मोटरमार्ग ( शु.न.पा ५ ) नाला निर्माण गर्न रु ५०००००।- बिनियोजन भएकोमा नाला निर्माणको सट्टा सडकमा कंक्रिट ढलान गर्ने गरी योजना संसोध नगर्ने ।

निर्णय नं १४ : चालु आर्थिक वर्ष २०७५/०७६ का स्वीकृत योजनाहरु कार्यान्वयन गर्दा नगरपालिकाको नियमअनुसार २० प्रतिशत

वा सो भन्दा बढी लागत सहभागीता जुट्ने योजनाहरुको हकमा उपभोक्ता समिति मार्फत र त्यो बाहेकका योजनाहरु बोलपत्र आब्हान गरी कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. १५
शुक्लागण्डकी नगरपालिका क्षेत्रभित्र छाडा रहेका पशु चौपायहरुको व्यवस्थापनका लागि नगर सभाबाट रु. ७०००००।० विनियोजन भएको हुनाले हाललाई सोही रकमबाट पुग्ने सम्मको गौशाला व्यवस्थापन सम्बन्धी आवश्यक पुर्वाधार तयार पार्न रुपान्तरण बहुउदेश्यीय उद्यम प्रा.लि संग सम्झौता गरि कार्य अघि बढाउने मिति २०७५।७।१५ को कार्यपालिका बैठकबाट निर्णय भएकोमा विविध कारणबाट उक्त संस्थासंग सम्झौता गर्न कठिनाई भएकोले गौ संरक्षण समितिलाई जिम्मा दिने ।

निर्णय नं. १६
शुक्लागण्डकी नगरपालिकाको जनप्रतिनिधीहरुको पदवहाली भएपछीको समग्र विकास निर्माणको गतिविधीलाई करिब २० मिनेट अवधीको टेलिभिजन कार्यक्रम उत्पादन गरी न्युज २४ टेलिभिजनबाट प्रशारण गरेवापत न्युज २४ मार्फत फुल मुन मिडिया प्रा.लिमिटेडले पेश गरेको विल अनुसार भ्याट सहितको रकम रु ८४,७५०।- (चौरासी हजार सात सय पचास ) अ.ल्या बजेटबाट भुक्तानी दिने ।

प्रमुख

प्रमाणित
०७५।८।१९
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner